**आज मिति २०७५ साल पौष १६ गते यस माण्डवी गाउँपालिका गाउँकार्यपालिकाको बैठक बसी तपशिलका विषयहरु माथि छलफल तथा निर्णय गरियो ।**

**प्रस्तावहरु:**

१. घर भाडा सम्झौता नविकरण सम्बन्धमा ।

२. करार सेवाका कर्मचारीहरुको सम्झौता थप गर्ने सम्बन्धमा ।

३. मेला व्यवस्थापन खर्च सम्बन्धमा ।

**निर्णयहरु:**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा यस माण्डवी गाउँपालिका कार्यालयले कार्यालय प्रयोजनका लागि प्रयोग गर्दै आईरहेको जम्मा १७ ओटा कोठा भएको ३ वटा अलग अलग घरको मिति २०७५/०७/०१ देखि २०७५ पौष मसान्त सम्म घरभाडा सम्झौता पहिलाकै सेवाशर्तमा नविकरण तथा निरन्तरता गर्ने निर्णय गरियो ।

२ निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस माण्डवी गाउँपालिका कार्यालय र अन्तर्गतका विभिन्न पदमा कार्यरत विभिन्न कर्मचारीहरुको साविककै सेवा शर्तमा मिति २०७५/१०/०१ गते देखि २०७६ असार मसान्तका लागी करार सेवामा म्याद थप गर्ने निर्णय गरियो ।

३ निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दायस माण्डवी गाउँपालिका वडा नं. १ तिराममा सम्पन्न भएको (मिति २०७५/०७ /०६) लामपोखरा मेला व्यवस्थापनका लागी रु ८०,०००।- ( अक्षरुपि असी हजार रुपिया मात्र) यस गाउँपालिकाको विविध खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

शिशिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत